# फलफूलबाली विकास सम्बन्धी आयोजना कार्यान्वयन मापदण्ड, २०८०

(मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८०/०५/१८)

**प्रस्तावनाः** गण्डकी प्रदेशमा उन्नत प्रविधि एवम् उपयुक्त जातका गुणस्तरीय विरुवा प्रयोग तथा आधुनिक बगैंचा व्यवस्थापन विधि अवलम्बन गरी फलफूलबालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आयात प्रतिस्थापन तथा फलफूलको व्यापार सन्तुलन गर्नको लागि फलफूलबाली विकास सम्बन्धी आयोजना कार्यान्वयन गर्ने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्षः**

(क) यस मापदण्ड बमोजिम फलफूलबाली विकास आयोजना अन्तर्गतका देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन हुनेछन्।

(अ) फलफूल बगैंचा स्थापना तथा विस्तार सम्बन्धी कार्यक्रम,

(आ) फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सम्बन्धी कार्यक्रम,

(इ) फलफूल खेती प्रविधि सम्बन्धी स्थलगत तालिम,

(ई) फलफूलबालीमा बाली संरक्षण सम्बन्धी कार्यक्रम,

(उ) फलफूलको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रम।

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | न्यूनतम क्षेत्रफल | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| १. | फलफूल बगैंचा स्थापना तथा विस्तार सम्बन्धी कार्यक्रम | ३ रोपनी (कृषक समूह वा सहकारी संस्थाको हकमा कम्तीमा १० घरधुरी लाभान्वित हुने गरी कम्तीमा ३० रोपनी क्षेत्रफल हुनुपर्ने) | कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत सम्बन्धित बालीको खेती गर्न भौगोलिक र वातावरणीय रुपमा उपयुक्त रहेको क्षेत्रमा मात्र कार्यक्रम सञ्चालन हुने |
| २. | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सम्बन्धी कार्यक्रम | ३ रोपनी (कृषक समूह वा सहकारी संस्थाको हकमा कम्तीमा १० घरधुरी लाभान्वित हुने गरी कम्तीमा ३० रोपनी क्षेत्रफल हुनुपर्ने) | कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत सञ्चालन हुने |
| ३. | फलफूल खेती प्रविधि सम्बन्धी स्थलगत तालिम | - | प्रचलित खर्चको मापदण्ड अनुसार सञ्चालन हुने |

| | | | |
|---|---|---|---|
| ४. | फलफूलबालीमा बाली संरक्षण सम्बन्धी कार्यक्रम | - | फलफूलको मुख्य उत्पादन क्षेत्रलाई प्राथमिकता दिई कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह वा कृषि सहकारी संस्थामार्फत कार्यालयले नै सञ्चालन गर्ने |
| ५. | फलफूलको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रम | - | कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत सञ्चालन हुने |

(ग) फलफूल बगैंचा स्थापना तथा विस्तार सम्बन्धी कार्यक्रमबाट कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिक सिफारिस बमोजिम जमिन रेखाङ्कन तथा खाडल तयारी, प्राङ्गारिक मल व्यवस्थापन, नयाँ विरुवा खरिद तथा रोपण, थाँक्रा व्यवस्थापन, विरुवाको तालिम तथा काँटछाँट, सिँचाइ व्यवस्थापन, कृषि औजार तथा उपकरण खरिद लगायतका प्रवर्धनात्मक कार्यहरू सञ्चालन गरी बगैंचा स्थापना तथा विस्तार गरेको हुनुपर्नेछ।

(घ) फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सम्बन्धी कार्यक्रमबाट स्थापना भईसकेको बगैंचाको उचित व्यवस्थापन तथा सुदृढीकरण भई उत्पादकत्व वृद्धि हुने गरी विरुवाको तालिम तथा काँटछाँट, सिँचाइ तथा निकास व्यवस्थापन, खाद्यतत्व व्यवस्थापन, बाली संरक्षण सामग्री तथा प्रविधि सहयोग, औजार तथा उपकरण सहयोग लगायतका कार्यहरू सञ्चालन गरी बगैंचा व्यवस्थापन तथा सुदृढीकरण गरेको हुनुपर्नेछ।

(ङ) फलफूलबाली सम्बन्धी स्थलगत तालिम (वस्तुगत सेवा टेवा सहित) र फलफूलबालीमा आकस्मिक तथा अभियानमूलक बाली संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा फलफूल बगैंचा स्थापना तथा विस्तार सम्बन्धी कार्यक्रम र फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सम्बन्धी कार्यक्रम सञ्चालन हुने स्थानलाई प्राथमिकता दिई फलफूलबालीको अन्य उत्पादन क्षेत्रमा समेत सञ्चालन गर्न सकिनेछ।

(च) फलफूलबालीमा आकस्मिक/अभियानमूलक बाली संरक्षण कार्यक्रम सञ्चालन गर्दा कार्यालयले प्राविधिक परिचालन गरी समस्या पहिचान गर्ने, रोगकिराको प्रक्षेपण गर्ने तथा व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्री (औजार उपकरण, विषादी लगायत) उपलब्ध गराउन सक्नेछ। विषादीको प्रयोग गर्दा कृषि ज्ञान केन्द्रले सिफारिस गरे बमोजिम आवश्यक सुरक्षाका उपायहरु अबलम्बन गरी गर्नुपर्नेछ।

(छ) फलफूलको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रमबाट भण्डार गृह निर्माण तथा सामग्री खरिद, प्रशोधन गृह निर्माण तथा मेसिनरी औजार खरिद, मूल्य अभिवृद्धिको लागि पूर्वाधार तथा

प्रविधि सहयोग, ब्रान्डिङ, प्याकेजिङ, लेबलिङ तथा बजार प्रवर्धनका लागि आवश्यक सामग्री/पूर्वाधार तथा प्रविधि सहयोग लगायतका कार्यहरु सञ्चालन गर्न सकिनेछ।

## २. आर्थिक पक्षः

(क) स्वीकृत लक्ष्य तथा बजेटको परिधिभित्र रही देहायका कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम अनुदान सहयोग उपलव्ध गराउन सकिनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत |
|---|---|---|
| १. | फलफूल बगैंचा स्थापना तथा विस्तार सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचास प्रतिशत |
| २. | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचास प्रतिशत |
| ३. | फलफूल खेती प्रविधि सम्बन्धी स्थलगत तालिम | प्रचलित खर्चको मापदण्ड अनुसार सञ्चालन हुने |
| ४. | फलफूलबालीमा बाली संरक्षण सम्बन्धी कार्यक्रम | कार्यालयले आवश्यकता अनुसार रोगकिरा व्यवस्थापन सामग्री खरिद गरी निःशुल्क उपलब्ध गराउन सक्ने |
| ५. | फलफूलको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रम। | कुल लागतको बढीमा पचास प्रतिशत |

## ३. प्रस्ताव मूल्याङ्कनका आधारः

**(क) फलफूल बगैंचा स्थापना तथा विस्तार सम्बन्धी कार्यक्रम र फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सम्बन्धी कार्यक्रमको लागि मूल्याङ्कनको आधारः**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| **१.** | **बगैंचा स्थापना भएको/हुने क्षेत्रफल** | ४० |
| क) | बुँदा १ (ख) बमोजिमको न्यूनतम क्षेत्रफलमा उत्पादन गर्ने भएमा | २० |
| ख) | (क) बमोजिमको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा २० अंक प्रदान गरी प्रति रोपनी थप क्षेत्रफलका लागि ०.५ अंकका दरले थप गरी अधिकतम ४० अंकसम्म प्रदान गर्ने | ४० |
| **२.** | **अनुदानको अवस्था** | १० |
| क) | पछिल्लो दुई आ.व. मा फलफूल सम्बन्धी कार्यका लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त गरेता पनि क्षेत्र/व्यवसाय विस्तार/सुदृढीकरणको लागि प्रस्ताव पेश गरेको | ७ |
| **३.** | **जग्गाको स्वामित्व** | १० |

| | | |
|---|---|---|
| क) | आवेदकको आफ्नो वा संस्थाको हकमा सदस्यहरुको आफ्नो स्वामित्वमा रहेको जग्गा भएको | १० |
| ख) | जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गरिने | ७ |
| **४.** | **जग्गाको अवस्थिति** | **२०** |
| क) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | २० |
| ख) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | १० |
| | नोटः बुँदा ४ को प्रयोजनको लागि उत्पादन गरिने प्लट बीचको दुरी २०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| **५.** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (उत्पादन योजना, बाली संरक्षण योजना, बजारीकरण, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १० देखि २० अंक प्रदान गर्ने) | २० |
| | **जम्मा** | १०० |

**(ख) फलफूलको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन सम्बन्धी कार्यक्रमको लागि मूल्याङ्कनको आधारः**

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्क भार |
|---|---|---|
| **१.** | **प्रशोधनको लागि कच्चा पदार्थको उपलब्धता** | **३०** |
| क) | आफैंले उत्पादन गर्ने | ३० |
| ख) | सम्बन्धित स्थानीय तहमा उत्पादन हुने | २० |
| ग) | अन्य क्षेत्रबाट आयात गर्नुपर्ने | १५ |
| **२.** | **प्रत्यक्ष रोजगारी सिर्जना** | **२०** |
| क) | ३ जना वा सो भन्दा कम | १० |
| ख) | ३ जना भन्दा बढी रोजगारी सिर्जना हुने भएमा १० अंक प्रदान गरी थप एक जनाको रोजगारी सिर्जना बापत १ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने | २० |
| **३.** | **उत्पादित वस्तुको बजार** | **१०** |
| क) | बजारको सुनिश्चितता भएको र यस अघि नै बजारीकरण गर्ने गरेको | १० |
| ख) | बजार खोज्नुपर्ने | ५ |
| **४.** | **उद्यमको स्थिती** | **१०** |
| क) | नयाँ स्थापना | १० |
| ख) | पुरानो उद्यमको क्षमता विस्तार | ८ |
| **५.** | **उद्यमको स्वामित्व** | **१०** |
| क) | कृषक समूह वा सहकारी संस्था | १० |
| ख) | कृषक, निजी फर्म वा कम्पनी | ७ |
| **६.** | **अनुदानको अवस्था** | **१०** |
| क) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय/क्षेत्र विस्तारका लागि प्रस्ताव पेश गरेको । | ७ |

| | | |
|---|---|---|
| ७. | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (व्यावसायको आकार, नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | १० |
| | **जम्मा** | १०० |

## ४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि,

(ग) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

## ५. प्रस्तावको ढाँचा

(कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्रस्तावको ढाँचामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।)

### क) आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदकको नाम | ठेगाना |
| कार्यक्रम सञ्चालन गर्ने स्थानको ठेगाना | प्रोपाईटर/ अध्यक्षको नाम<br>सम्पर्क नं |
| सम्पर्क व्यक्ति<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्या |

### ख) सम्बन्धित खेती /व्यवसाय सम्बन्धी विवरण

| क्र.सं. | कार्यक्रममा सहभागी हुन चाहने आवेदकको नाम | हाल उत्पादन भईरहेको क्षेत्रफल (हेक्टर/रोपनी) | हालको उत्पादन (मे.टन) | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल (हेक्टर/रोपनी) | थप हुने उत्पादन (मे.टन) | प्रशोधित उपजको अनुमानित उत्पादन परिमाण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

ग)  कुल अनुमानित उत्पादन

**घ) कार्यक्रम सञ्चालन गरिने जग्गाको स्वामित्व तलका मध्ये कुन हो उल्लेख गर्नुहोस्।**

१. आवेदकको स्वामित्वमा रहेको

२. लिज करार

**ङ) तपाईले पछिल्लो दुई आ.व. मा यसै प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गर्नुभएको छ?**

(अ) छ  (आ) छैन

यदि अनुदान प्राप्त गर्नुभएको छ भने विवरण उल्लेख गर्नुहोस्:

| क्र.सं. | अनुदान प्रदान गर्ने निकाय र आर्थिक वर्ष | कार्यक्रमको नाम | प्राप्त गरेको अनुदान रकम (रू.) | प्राप्त गरेको वस्तुगत अनुदानको विवरण (बिरुवा/मेसिनरी औजार, सामग्री आदि) |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

**च) सिँचाइ व्यवस्थापन कसरी गर्नुहुन्छ?**

**छ) रोजगारी सिर्जनाः**

**ज) बगैंचामा रहेको बिरुवाको विवरण**

| **क्र.सं.** | **बिरुवाको जात** | **बगैंचामा रहेको बिरुवा संख्या** |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

**झ) माग गरिएको बिरुवा संख्याः**

| **क्र.सं.** | **बिरुवाको जात** | **बिरुवा माग संख्या** |
|---|---|---|
| १ | | |
| २ | | |

ञ) माग गरिएको मेसिनरी औजार तथा उपकरण

| **नाम** | **स्पेसिफिकेशन** | **माग संख्या** |
|---|---|---|
| | | |
| | | |

**ट) क्रियाकलाप विवरण**

| **क्र.सं.** | **सञ्चालन हुने** | **एकाई** | **दर** | **संख्या** | **कुल** | **कार्यालयको** | **अवेदकको** |
|---|---|---|---|---|---|---|---|

| | क्रियाकलाप | | | | लागत | अनुदान | साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | **जम्मा** | | | | | | |

**ठ) व्यावसायिक योजना सम्बन्धी प्रस्तावः**

- उत्पादन योजनाः
- बजार योजनाः
- नवीनतम सोचः
- मूल्य अभिवृद्धि सम्वन्धी योजनाः
- दिगोपनाः

**ड) अन्य विषय केही भए उल्लेख गर्नुहोस्।**